नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
# हुलाक प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

पत्र संख्या - ०८२/०८३
चलानी नं.- २५

मिति: २०८२/०५/०६

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री हुलाक सेवा विभाग,
बबरमहल, काठमाडौं ।

विषय: सूचना सार्वजनिक गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट नियमित रुपमा प्रकाशन हुने हुलाक पत्रिका (THE POST) "विश्व हुलाक दिवस विशेषांक" वर्ष ६५, अंक २११, २०८२ प्रकाशन गर्ने सम्बन्धी सार्वजनिक सूचना यसैसाथ संलग्न राखी तहाँको जानकारीको लागि तथा तहाँ निकायको Website मा र सूचनापाटीमा समेत टाँस गरिदिनहुन निर्देशानुसार अनुरोध छ । यस सम्बन्धी विस्तृत विवरण सूचनाबाटै जानकारी हुने व्यहोरा समेत अनुरोध छ ।

सूर्यवती खनाल
प्रशिक्षक

फोन नं.: ०१-५३६३११२ ०१-५३६२७७० ०१-५३६२५७९ email: hulakprashikshan@gmail.com
"व्यवसायिक र सिर्जनशिल प्रशासन : विकास.समृद्धि र सशासन"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
**हुलाक प्रशिक्षण केन्द्र**
बबरमहल, काठमाडौं ।

# सूचना ! सूचना !! सूचना !!!

हुलाक प्रशिक्षण केन्द्रबाट नियमित प्रकाशन हुने हुलाक पत्रिका (THE POST) "विश्व हुलाक दिवस विशेषांक" वर्ष ६५, अंक २११, २०८२ को प्रकाशनको लागि निम्न शर्तको अधिनमा रही हुलाक सेवाको प्रवर्द्धनमा टेवा पुग्ने, सूचना प्रविधिको विकास तथा नव प्रवर्तन र सार्वजनिक प्रशासनसँग सम्बन्धित लेख रचनाहरु सार्वजनिक निकायमा कार्यरत कर्मचारी एवं सम्बन्धित विषय विज्ञहरुबाट मिति २०८२ असोज ०६ गतेभित्र यस कार्यालयमा आईपुग्ने गरी उपलब्ध गराइदिनहुन अनुरोध छ ।

क. लेख रचना विशेष गरी हुलाक सेवा, सूचना प्रविधिको विकास तथा नव प्रबर्तन, सुशासन र सार्वजनिक प्रशासन तथा समसामयिक विषयसँग सम्बन्धित हुनुपर्नेछ । मौलिक र अध्ययन अनुसन्धानमूलक लेखलाई प्राथमिकता दिइनेछ ।

ख. लेख रचना पठाउंदा Soft(Digital) Copy र Hard Copy सहित वा इ मेल-मार्फत पठाउनु पर्नेछ ।

ग. लेख रचना नेपाली भाषामा भए युनिकोडमा Kalimati Font को साइज १२ र अंग्रेजी भाषामा भए Cabibri (Body) Font को Size 11 मा कम्तीमा १५००र बढीमा ३००० शब्दको हुनु पर्नेछ ।

घ. लेख रचनाको शुरुमा सारांश, पृष्ठभूमि, विषयवस्तुको विश्लेषण, सुझाव, निष्कर्ष र अन्त्यमा सन्दर्भ सामग्री अनिवार्यरुपमा संलग्न हुनु पर्नेछ ।

ङ. लेख रचना पठाउँदा लेखकको पुरा नाम, पद, कार्यालय, ठेगाना, स्थायी लेखा नं. (PAN No.) र सम्पर्क नं उल्लेख गर्नु पर्नेछ ।

च. प्राप्त लेख रचना प्रकाशन गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा रहने छ । अस्वीकृत लेख रचना फिर्ता गरिने छैन ।

छ. अन्यत्र प्रकाशन भैसकेका र अन्य लेखकको लेख वा प्रकाशित कृतिबाट हुबहु नक्कल गरिएका लेख रचनाहरु प्रकाशन गरिने छैन ।

ज. यस पत्रिकाको लागि पठाइएको लेख रचना यो अंक प्रकाशित नहुँदासम्म अन्यत्र प्रकाशनका लागि दिन पाइने छैन ।

झ. हुलाक पत्रिकामा बढीमा २० वटा लेख रचना मात्र प्रकाशन गरिने छ ।